संखुवासभा जिल्ला अदालत

चैनपुर

# विज्ञप्ती

नेपालको संविधानले परिकल्पना गरेको स्वतन्त्र न्यायपालिकाको अवधारणा बमोजिम न्यायका सर्वमान्य सिद्धान्त तथा विद्यमान कानूनको ब्याख्या तथा परिपालना र कानूनी राज्य स्थापनार्थ न्यायपालिकाको भुमिका उल्लेख्य रहेको सर्वविदितै छ । यही मिति २०८०/०३/१३ गते श्री ललितपुर जिल्ला अदालतमा कार्यरत ना.सु श्री प्रेमिका तामाङ्गलाई आफ्नो कार्यकक्षमै काम गरि रहेको अवस्थामा कानून ब्यवसायी अमिर लामिछानेले मुक्का प्रहार गरी सक्त घाईते बनाएको घटना प्रति संखुवासभा जिल्ला अदालत परिवार दु:ख ब्यक्त गर्दै उक्त घटनाको घोर भर्त्सना गर्दछौं । साथै निष्पक्ष छानविनको माग गर्दै घाईते कर्मचारी ना.सु श्री प्रेमिका तामाङ्गको सिघ्र स्वस्थ्यलाभको कामना गर्दछौं ।

यस्तो अपराधिक मानसिकताबाट गम्भीर अपराधिक कार्य गर्ने निज कानून ब्यवसायी अमिर लामिछानेलाई कानूनी कारवाहीको प्रकृया अगाडि बढाइएको अवस्थामा सो कानूनी कारवाही अनुसन्धान कार्यमा सहयोग गर्नुको सट्टा उच्च अदालत पाटन बारले मिति २०८०/०३/१४ गते तथा ललितपुर जिल्ला अदालत बारले मिति २०८०/०३/१५ गते विज्ञप्ती जारी गरी घटनामा संलग्न कानून ब्यवसायीलाई रिहाईको माग गर्दै अपराधिक कार्यलाई ढाक छोप तथा प्रोत्साहन गर्ने कार्य अत्यन्त निन्दनीय छ ।

यसरी कार्यस्थलमा कर्मचारीले सुरक्षित महसुस गर्ने प्रत्याभूति गर्न नेपाल सरकार तथा सर्वोच्च अदालत प्रशासनसँग जोडदार माग तथा ध्यानाकर्षण गराउदै अदालतको कार्यकक्ष भित्र भएको उक्त गम्भीर घटनाको विरोध स्वरुप कर्मचारीहरुबाट भएको आह्वानलाई ऐक्यवद्धता जनाउदै यस संखुवासभा जिल्ला अदालतबाट मिति २०८०/०३/१७ गते विहान १०:०० बजे देखि अपरान्ह १:३० बजे सम्म पेशी तारेख लगायतका अदालतबाट प्रदान गरिने सम्पुर्ण सेवा तथा कामकारवाही बन्द रहने सरोकारवाला सम्बन्धित सबैमा जानकारी गराउदछौं । यसबाट सेवाग्राहीमा पर्न गएको असुविधा प्रति क्षमाप्रार्थी छौं ।

संखुवासभा जिल्ला अदालतमा
कार्यरत सम्पूर्ण कर्मचारीहरु